"पाँचखाल नगर–कृषि सहर"
# पाँचखाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
३ नम्बर प्रदेश, नेपाल

प.सं.: ०७५/७६
च.नं. २६३४

फोन नं. ०११–४९९४५१
फ्याक्स नं. ०११–४९९२६७
मिति : २०७६/०२/०६

श्री वडा समितिको कार्यालय वडा नं १-१३
पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक ।

विषयः **योजना/कार्यक्रम छनौट गरी पठाउने बारे ।**

प्रस्तुत विषयमा यस पाँचखाल नगरपालिकाको आ.ब. २०७६/७७ को वार्षिक कार्यक्रम तयारीका लागि मिति २०७६/०२/१५ गतेभित्र वस्ती तथा वडा स्तरीय भेला मार्फत वडास्तरीय योजना तर्जुमा गरी संलग्न ढाँचामा प्रत्येक योजना/कार्यक्रमको पूर्ण विवरण भरी नगरपालिका कार्यालयमा पठाउने व्यवस्थाका लागि अनुरोध छ ।

साथै आ.व. २०७६/७७ का लागि प्रत्येक वडा समिति मार्फत कार्यान्वयन हुने कार्यक्रम र आयोजनाका लागि आवश्यकता र औचित्यताको आधारमा ७० लाख सम्मको वजेट सीमा निर्धारण गरिएको कुरा मिति २०७६/०२/०६ गतेको नगरकार्यपालिका बैठकको निर्णय बमोजिम जानकारी गराइन्छ ।

साथै संलग्न तोकिएको मापदण्ड अनुसार बस्ती/टोल स्तरका योजना छनौट गर्नु हुन अनुरोध छ ।

............................ ७६/२/६
लोक बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक ३ नम्बर प्रदेश, नेपाल

# स्थानीय तहको योजना तर्जूमा दिग्दर्शन 2075 बमोजिम

## बस्ति/टोल स्तरका योजना छनौट गर्दाका मापदण्डहरुः

- वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरुलाई विभिन्न बस्ती/टोलको योजना तर्जूमा गर्न सहजीकरण गर्नेगरी जिम्मेवारी प्रदान गर्ने ।
- प्रत्येक वडाले वडा भित्रका वस्ती/टोलहरुमा योजना तर्जूमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सूचना मार्फत जानकारी गराउनु पर्ने ।
- नगरपालिका अन्तर्गत वडामा र वडा अन्तर्गतका वस्ती/टोलहरु भेला मार्फत वस्ती/टोलस्तरका आयोजना तथा कार्यक्रम छनौट गर्ने र उक्त योजनाहरु छनौट गर्दा समुदायको आवश्यकता पहिचान गरी आयोजना/कार्यक्रम छनौट गर्ने ।
- वस्ती/टोल स्तरका योजना छनौट गर्दा सो वस्ती भित्रका सवै वर्ग र समुदाय ( महिला, दलित, आदिवासी जनजाती, मधेशी, थारु, मुस्लिम, उत्पीडत वर्ग, पीछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, यूवा, बालवालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, पिछडिएका वर्ग आदी ) को अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्नुपर्ने ।
- वस्ति/टोल भित्रका क्रियाशिल समुदायिक संस्थाहरु ( टोल बिकास संस्था, महिला/आमा समुह, बाल क्लव/सञ्जाल, यूवा क्लव, स्थानीय गैर सरकारी संस्थाहरु नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूह जस्ता समूहहरु) लाई पनि सहभागी गराउनुपर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक

**आ.ब. २०७६/७७ का लागि आयोजना/कार्यक्रम विवरण फारम**

वडा नं:

कार्यक्रम वा आयोजनाको नामः वडाको इमेलः

कार्यक्रम वा आयोजनाको प्राथमिकता (कुनै एकमा ठीक लगाउनुहोस्): उच्च ☐ मध्यम ☐ न्युन ☐

आयोजनाको जम्मा लम्बाई/क्षेत्रफल:

कार्यक्रम वा आयोजनाबाट लाभान्वित हुने गाँउ/बस्तिहरुको नाम:

कार्यक्रम वा आयोजनाबाट लाभान्वित हुने सम्भाव्य जनसंख्याः

कार्यक्रम वा आयोजनाबाट लाभान्वित सम्भाव्य घरधुरीः

कार्यक्रम वा आयोजनाको कुल लागत अनुमान रु.:

अघिल्लो आ.ब.मा नगर, प्रदेश, संघबाट वजेट विनियोजन गरिएको भए सोको विवरणः

कार्यक्रम आयोजना कार्यान्वयन तरिकाः (कुनै एक मोडल चयन गर्नुहोस)

१. बोलपत्र मार्फत

२. उपभोक्ता समिति

३. सहकारी वा गैर सरकारी संस्था मार्फत

नोटः उच्च प्राथमिकतामा एक वडाबाट जम्मा १० वटा आयोजना/कार्यक्रम मात्र हुनुपर्नेछ ।
उपभोक्ता समिति वा अन्य निजी सामुदायिक संघ संस्था मार्फत सञ्चालन गरिने आयोजनामा अनिवार्य रुपमा नियमानुसारको सहभागिता सुनिश्चित गराउनु पर्नेछ ।

संलग्न गर्नुपर्ने कागजातहरुः

१. वडा समितिको निर्णय

२. लागत अनुमान

३. ..........................

| वडा हेर्ने प्रविधिकको तर्फबाट | वडा सचिव | वडा समितिको तर्फबाट |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |

प्रमुख प्रशासकीय अधिकृत

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
३ नम्बर प्रदेश, नेपाल

# पाँचखाल नगरपालिकाको वार्षिक योजना (वजेट तथा कार्यक्रम)
## तर्जुमा चरण र समय सीमा

| क्र.सं. | चरण | समय सीमा | कैफियत |
|---|---|---|---|
| १. | आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण नेपाल सरकारमा पेश | | |
| २ | संघ र प्रदेशबाट वित्तीय हस्तान्तरणको सीमा र मार्गदर्शन प्राप्ति<br>(क) संघबाट<br>(ख) प्रदेशबाट | | |
| ३. | विषयगत क्षेत्र छुट्याउने | | |
| | स्रोत अनुमान तथा वजेट सीमा निर्धारण<br>- न.पाको राजश्व परामर्श समितिले कार्यपालिकामा राजश्व प्रक्षेपण गर्ने<br>- श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले न.पाको स्रोत अनुमान तथा वजेट सीमा निर्धारण सम्पन्न गर्ने | बैशाख २९<br><br>बैशाख ३० | |
| ४. | आगामी आर्थिक वर्षको वजेट सीमा नगरपालिकाका विषयगत महाशाखा, शाखा तथा वडा समितिलाई पठाउने | जेष्ठ ५ | |
| ५. | वडा स्तरीय योजना तर्जुमा र प्राथमिकता निर्धारण | जेष्ठ १५ | |
| ६. | एकीकृत वजेट तथा कार्यक्रम तर्जुमा | जेष्ठ मसान्तभित्र | |
| ७. | कार्यपालिकाबाट स्वीकृती | असार ५ गते भित्र | |
| ८. | सभामा पेश | असार १० गतेभित्र | |
| ९. | वजेट तथा कार्यक्रम नगरसभाबाट स्वीकृती | असार मसान्तभित्र | |
| १०. | वजेट तथा कार्यक्रम सर्वसाधारणको जानकारीको लागि प्रकाशन | साउन ५ भित्र | |

प्रमुख प्रशासकीय अधिकृत